आज मिति २०७६ /०३/०७ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३८ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी...........................नगर प्रमुख
श्री कमला बस्नेत ......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का..................प्र. प्र.अ. सचिव
श्री बिर बहादुर थामी .................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ........ वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ............ वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ............ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ........... वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ........... वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ....................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल .............वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .............. कार्यपालिका सदस्य
श्री दिपक धनुके.................. .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ................ .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल ............ कार्यपालिका सदस्य,
श्री गौरी थामी ................. कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ......... कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ................ कार्यपालिका सदस्य,
श्री किरण वली............... . कार्यपालिका सदस्य,

**निर्णय नं . १ :** आगामी आ.व. २०७६/७७ का लागि अनुसुची १ बमोजिमका योजना स्वीकृत गरी मिति २०७६/०३/१०/ गते बस्ने ५ औ नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं . २ :** आगामी आ.व. २०७६/७७ का लागि अनुसुची २ बमोजिमका नीति तथा कार्यक्रम स्वीकृत गरी मिति २०७६/०३/१०/ गते बस्ने ५ औ नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं . ३ :** आगामी आ.व. २०७६/७७ का लागि अनुसुची ३ र ४ बमोजिमका विधेयकहरु मिति २०७६/०३/१०/ गते बस्ने ५ औ नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

- बिनियोजन विधेयक, २०७६
- आर्थिक विधेयक, २०७६

**निर्णय नं. ४ :** आ.व. २०७५/७६ मा नगरकार्यपालिका द्वारा रकमान्तर गरिएका बजेट तथा कार्यक्रमहरु अनुमोदनका लागि मिति २०७६/०३/१०/ गते बस्ने ५ औ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** आ.व. २०७५/७६ मा नगरकार्यपालिकाद्वारा लगाईएका कर तथा शुल्कहरु अनुमोदनका लागि मिति २०७६/०३/१०/ गते बस्ने ५ औ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिका वडा नं. २ ले पुस्तकालय सामाग्री खरिद योजनामा बिनियोजन गरेको रकम रु २,००,०००/-(दुई लाख ) उक्त योजना आवश्यक नपर्ने भएकोले सोहि रकम दोलखामा सास्कृतिक संरक्षण गर्न योजना परिवर्तनका लागि सिफारिस सहित अनुरोध गरेकोले सोहि बमोजिम योजना परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** नेपाल सरकार बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त लघु तथा साना जलबिधुत आयोजनाबाट बिधुत उत्पादन शिर्षकमा रु १२,००,०००/-(बाह्र लाख ) तथा वायोग्यास उत्पादन शिर्षकमा रु ३,३६,०००/- (तीन लाख छत्तिस हजार ) बजेट हाल विविध कारणले कार्यान्वयनमा आउन सकेको छैन । नेपाल

सरकार बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट जारी “स्थानीय तहका लागि नवीकरणीय / बैकल्पिक उर्जा „ शिर्षकमा विनियोजित सशर्त कार्यक्रम संचालन मार्गदर्शनको बुदा नं. ५ बमोजिम कार्यपालिकाको निर्णय अनुसार प्राथमिकतामा परेका अन्य नवीकरणीय उर्जाका प्रबिधि जडान गर्न सकिने देखिएकोले दुवै शिर्षकको रकमबाट नगरपालिका क्षेत्रमा सौर्य बत्ति जडान गर्ने र बाकीं रहने रकमबाट सुधारिएको चुलो शिर्षकमा थप कार्य गर्ने तथा उक्त आयोजनामा उपभोक्ता समितिले श्रम सहभागिता गर्ने प्रकृतिको काम नभएकोले उपभोक्ता समितिको सहभागिता नपर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** भीमेश्वोर नगराकार्यपलिकाको मुख्य प्रशासनिक भवनमा तयार भएका हलहरु मध्य कार्यपालिका बैठक प्रयोजनका लागि तयार पारिएको हललाई " महांकाल सदन " नामाकरण गरी प्रति दिन हल भाडा रु २,००० /- (दुई हजार ) कायम गर्ने तथा नगर सभा हललाई " भीमेश्वोर सदन " नामाकरण गरी प्रति दिन हल भाडा रु ३०००/- ( तीन हजार ) कायम गरी मागका आधारमा भाडामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**जनशक्ति ब्यबस्थापन सम्बन्धमा देहाए बमोजिम गर्ने निर्णय गरियो ।

(क ) आ .बा.७५/७६ मा वडाहरुको प्राबिधिक कार्य सम्पादन गर्न स.ई. तथा अ.स.ई. हरुको सेवा करार गरिएकोमा आगामी आ.ब. को लागि केहि जनशक्ति लोकसेवा आयोगमा पदपूर्तिका लागि लेखि पठाईएको सन्दर्भमा तपशिलका जनशक्तिहरु २०७६ असार ३१ गते देखि सधन्यवाद बिदा गर्ने । आ.ब. २०७६/७७ क लागि संगठन तथा ब्यबस्थापन सर्वेक्षण स्वीकृत गरी रिक्त हुन आउने दरबन्दीहरुमा पदपूर्ति प्रक्रिया २०७६ श्रावण महिना भित्र अघि बढाउने ।

(ख ) आ.ब. २०७५ /७६ मा कृषि तथा पशु सेवा तर्फ वडाहरुका कार्यक्रम हेर्ने गरी सेवा करार गरिएका तपशिलका जनशक्तिहरु लाई २०७६ असर ३१ गते देखि सधन्यवाद बिदा गर्ने र कृषि तथा पशु सेवा तर्फ आगामी आ.ब. २०७६/७७ मा समायोजन भई आएका / आउने जनशक्तिबाट सेवा संचालन गर्न अपुग भएमा कार्यक्रम करार (program contract ) प्रक्रियाबाट जनशक्ति आपूर्ति गर्ने ।

(ग ) ई. नहकुल श्रेष्ठ, सुचना प्रबिधि अधिकृत किरण दाहाल, सहायक कम्प्युटर अपरेटर रबिना खड्का र सुजन न्यौपानेको करार सेवा खाइपाई आएको सेवा सुविधा पाउने गरि २०७६ पौष मसान्त सम्मका लागि थप गर्ने ।
(घ ) स्वास्थ्य सेवा तर्फका आ. ७५/७६ मा पाले , स्वीपर, गार्ड बगैचे का.स. आदिको सेवा करार लिने शिर्षक अन्तर्गत केहि बजेट प्राप्त भई सेवा करार गरिएका तपशिलका जना शक्तिहरु हाल उक्त शिर्षकमा बजेट प्राप्त नभएकोले २०७६ असर मसान्तदेखि सधन्यवाद बिदा गर्ने ।

**निर्णय नं. १० :** नगर प्रमुखको तोक आदेश तथा कार्यालयबाट सम्पादन भएका तपशिल बमोजिमका योजना तथा कार्यक्रहरुको खर्च  र भाडा दर अनुमोदन गर्ने निर्णय गरियो ।
क ) यस नगरपालिकाको  चमेना गृह मासिक भाडा रु ३००० /-(तीन हजार) मा मिति २०७६ /०३ /०१गतेबाट ए.डी.बि.अर्गानिक  तथा फोहोरमैला प्रोसेसिंग संग  भएको सम्झौता ।
ख ) नगर सभा हल थप निर्माण तथा सजावट कार्य  रु २०,००,०००/- (बीसलाख ) रजिस्ट्रेसन दस्तुर  शीर्षकबाट  प्राप्त हुने रकमबाट खर्च  भएको ।
ग ) दोलखा योग शिविर संचालन जनतासंग मेयर कार्यक्रमबाट  उपलब्ध गराएको रु २०,०००/- ( बिस हजार )
घ ) दोलखा  जिल्ला ब्याडमिन्टन संघ तदर्थ समिति दोलखाले मिति २०७६/०२/१०र ११ गते संचालन गरेको ब्याडमिन्टन कप लाई खेलकुद आयोजना कार्यक्रम बाट उपलब्ध गराएको रु ३०.०००/-(तिस हजार )
ङ) दोलखा जिल्ला मालपोत कार्यालयको माग बमोजिम कार्यालयको खानेपानी ब्यबस्थापनका लागि ल.ई . बमोजिम रु ४१,००० / ( एकचालीस हजार ) मात्र जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराउने ।
च) भिमेश्वोर बहिरा प्रथिमिक बिद्धालयको आफ्नै छात्रावास नभएकोले उक्त बिद्धालयको छात्रावास भाडा बापतको रकम रु १,००,०००/- (एकलाख ) महिलासंग उप-मेयर कार्यक्रमबाट उपलब्ध गराएको ।

**निर्णय नं. ११:** साना सिचाई निर्माण/मर्मत र प्लास्टिक पोखरी निर्माण तर्फसशर्त अनुदान रु ५,४०,०००/-(पाँच लाख चालिस हजार ) मध्य छनोट भएका तपशिल बमोजिमका कृषि  सस्था /कृषि समूह /कृषि फर्म हरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. स. | छनोट भएको सस्था / समूहको नाम / ठेगाना | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | नमुना खेति कृषक समूह , वार्ड नं १ | रु ८३,०००/- | साना सिंचाई निर्माण |
| २ | अर्चलादेवी बिरुवा  कृषक समूह , वार्ड नं ५ | रु ८३,०००/- | साना सिंचाई निर्माण |
| ३ | पौरखी कृषक समूह , वार्ड नं ५ | रु ८५,०००/- | साना सिंचाई निर्माण |
| ४ | जागरुक कृषक समूह , वार्ड नं ६ | रु ८३,०००/- | साना सिंचाई निर्माण |
| ५ | भिमेश्वोर अर्गानिक एग्रीकल्चर एण्ड रिसर्च प्रा.लि .नं वार्ड ६ | रु ४० ,०००/- | प्लास्टिक पोखरी |
| ६ | तरकारी तथा बाख्रा पालन कृषक समूह वार्ड नं ७ | रु ८३,०००/- | साना सिंचाई निर्माण |
| ७ | घुम्ती कृषक समूह , वार्ड नं ८ | रु ८३,०००/- | साना सिंचाई निर्माण |

**निर्णय नं. १२ :** यस नगरपालिकाको चालु आ.वा.मा ५०% अनुदानमा कृषि औजार बितरण  कार्यक्रमबाट बचत हुन आएको रु४८३७००/- ( चारलाख त्रियासी हजार सात सय ) मध्य घरेलु संगको  सझेधारिमा संचालन हुने हाते ट्याक्टर मर्मत तालिमका लागि रु २४,१००/- (चौबिस हजार एकसय ) र वार्ड नं ४ का हाते ट्याक्टर उपभोक्ता  समितिलाई नपुग रकम रु १०,०००/-( दश हजार ) थप अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ :** नापी कार्यालय र गौरीशंकर क्याम्पस बीचमा रहेको खोल्सीमा Hume pipe राखी पार्किङ स्थल निर्माण गर्दा चेक ड्यामप समेत निर्माण गर्नुपर्ने भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी राजस्व बाँडफाँड शीर्षकमा प्राप्त हुने आयबाट रु २०,००,०००/-( बिसलाख) विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्य भई रहेकोमा नापी कार्यालय तर्फको थप Hume pipe तथा ग्याबिन वाल समेतको  कार्य गर्नु पर्ने भएकोले भू संरक्षण कार्यालय बाट प्राप्त जाली भर्ने  र थप Hume pipe  राख्ने कार्यको लागि घर

जग्गा रजिस्ट्रेशन आय शीर्षकबाट थप हुने रकम बाट रु ४,५०,०००/- (चार लाख पचास हजार ) बिनियोजन गरि कार्य आगाडी बढाउने निर्णय गरियो ।